# बर्दिवास नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

बर्दिवास, महोत्तरी

मधेस प्रदेश नं.,नेपाल

## औषधी तथा सर्जिकल सामान खरिद कार्यका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०५।३०)

यस नगरपालिका अन्तर्गतका वर्दिवास अस्पताल, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुमा निशुल्क वितरण हुने औपधी तथा सर्जिकल सामान खरिद कार्यका लागि देहायको शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

| क.स. | शिलबन्दी दरभाउपत्र नं. | खरिद गर्नुपर्ने कामको विवरणहरु | लगत अनुमान रु. (भ्याट समेत) | जमानत वापतको रकम (रु) | दरभाउपत्र फारम दस्तुर (रु) |
|---|---|---|---|---|---|
| १. | BM/NCB/Goods/SQ/079/80/01 | औषधी तथा सर्जिकल सामान खरिद कार्य | ४९,९८,६२१। | १५०,०००। | १०००/- |

शर्तहरु :

- दरभाउपत्र फारम खरिद गर्न इच्छुक व्यवसायिहरु तथा फर्महरुले नविकरण तथा चालु आ.व.को लागि मान्यता प्राप्त भएको फर्म वा कम्पनीको प्रमाण पत्र, स्थायी इजाजत पत्र ,स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाणपत्र (भ्याट), साथै आ.व. २०७८।७९ को कर चुक्ता विवरण पेश गरेको कागजात, अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपिको साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) कृपि विकास बैंक लिमिटेड बर्दिवास शाखामा रहेको खाता नं. १००६३०११४९१२८१०५ मा ज़म्मा गरेको बैंक भौचर संलग्न गरी कार्यालयको स्वास्थ्य शाखाबाट दरभाउपत्र फाराम खरिद तथा दर्ता गर्न सकिनेछ।
- दरभाउपत्र फाराम सम्वन्धि कागजात दाखिला गर्दा दरभाउपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण दरभाउ साथ अनिर्वार्य रुपमा पेश गर्नुपर्ने छ ।
- दरभाउ पुस्तिका तथा सूचनामा उल्लेखित मुल्याङ्कनका आधारहरु पुरा नगर्ने दरभाउपत्र स्वीकृत गरिने छैन ।
- दरभाउ फारम भर्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । साथै केरमेट भएको ठाँउमा सही छाप हुनु पर्ने छ ।
- दरभाउपत्र जमानत रकम कृपि विकास बैंक लिमिटेड शाखा बर्दिबासमा रहेको यस कार्यालयको धरौटी खाता नं. १००६३०११४९१२८०६७ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको हुनुपर्ने छ । दरभाउपत्र पेश गर्ने अन्तिम मिति बाट कम्तिमा १२० दिन सम्म म्याद भएको बैंक जमानत (Bid security) समावेश भएको हुनु पर्ने छ । अन्यथा दरभाउपत्र अयोग्य मानिने छ ।
- दरभाउपत्र दर्ता गर्ने फर्महरुले दरभाउपत्र पुस्तिकामा सलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य व्यहोरा प्रृष्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नुपर्ने छ । दरभाउपत्र जुन फर्मको नाम बाट खरीद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्ने छ ।
- आपुर्ति हुने सम्पुर्ण औपधीहरु WHO /GMP Certified कम्पनीहरुबाट उत्पादित भएको हुनु पर्नेछ । यदि नेपालमा उत्पादित वाहेकका कम्पनीवाट उत्पादित औषधी आपुर्ति गर्नु पर्ने भएमा उक्त कम्पनीहरुको WHO /GMP सर्टिफिकेट अनिवार्य रुपमा शिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
- आपुर्ति हुने औपधीको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तिमा १८ महिना बाँकी भएको हुनु पर्नेछ ।औषधीको म्याद १८ महिना भन्दा कम हुने औपधीको हकमा Expiry Date ७५ % म्याद बाँकी हुदाँ कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ ।
- सप्लाइ हुने औपधीहरुको प्रत्येक प्याकिग वाहिर उत्पादन मिति Expiry Date,व्याच नम्वर, Supply For Bardibas Municipality Office ,Nepal वा बर्दिवास नगरपालिकाबाट नि:शुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्नेछ ।
- कुनैपनि कारण जनाइ वा नजनाइ दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- दरभाउपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, (संशोधन समेत) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) बमोजिम हुनेछ ।
- दरभाउपत्र फाराम खरिद दर्ता गर्ने समय र अन्य विवरण तपशिल अनुसार रहेको छ ।

| | | |
|---|---|---|
| दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय : २०७९।०६।१३ कार्यालय समय भित्र । | दरभाउ दर्ता गर्ने अन्तिम मिति : २०७९।०६।१४ गते, समय : दिउँसो १२ बजे भित्र । | दरभाउपत्र खोल्ने मिति : २०७९।०६।१४ गते, समय : दिउँसो १:०० बजे । |

प्रमुख प्रशासकिय अधिकृत

CamScanner